# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण ) कार्यविधि ,२०८०

लम्कीचुहा नगरपालिका कैलाली

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण ) कार्यविधि,२०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८० / ०७ /१६

**प्रस्तावना :**यस लम्कीचुहा नगरपालिकाभित्र रहेका सबै सामुदायिक बिद्यालयहरुमा रहेको शिक्षक र विद्यार्थी संख्याको अनुपात बमोजिम शिक्षक दरबन्दी मिलन गरि बिद्यालयहरुको पठनपाठनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज )ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )कार्यविधि स्वीकृति गरि लागू गरेको छ ।

## १ संक्षिप्त नाम र प्रारम्भ :

(क )यो कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )कार्यविधि ,२०८० रहेको छ ।

(ख )यो कार्यविधि लम्कीचुहा नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लम्कीचुहा नगरपालिका भर लागू हुनेछ ।

## २ परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क )अभिभावक भन्नाले विद्यालयमा आफ्ना बालबालिका भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालनपोषण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ख )आधारभूत तह भन्नाले विद्यालयको प्रारम्भिक वालविकास शिक्षा देखि कक्षा ८ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ ।

(ग )ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(घ )कर्मचारी भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट प्राप्त अनुदान वा विद्यालयले आफ्नो आवस्यकता अनुसार दरबन्दी सृजना गरि बिद्यालयमा कार्यरत लेखापाल ,चौकीदार ,स्वीपर ,आया,कार्यालय सहयोगी ,कार्यालय सहायक ,सरसफाइकर्मी लाई सम्झनु पर्छ ।

(ङ)कार्यपालिका भन्नाले लम्कीचुहा नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्छ ।

(च )कार्यविधि भन्नाले लम्कीचुहा नगरपालिका कैलालीको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )कार्यविधि ,२०८० सम्झनु पर्छ ।

(छ )दरबन्दी भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले नियमित राहत अनुदान समेतलाई जनाउछ ।

(ज )नगरपालिका भन्नाले लम्कीचुहा नगरपालिका कैलालीलाई जनाउछ ।

(झ ) नगर शिक्षा समिति भन्नाले लम्कीचुहा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

( )प्रधानाद्यापक भन्नाले सामुदायिक विद्यालयको प्रधानाद्यापक वा प्रधानाद्यापकको कामकाज गर्न जिम्मेवारी लिएको वा जिम्मेवारी प्राप्त शिक्षकलाई सम्झनु पर्छ ।

(ट )बालविकास भन्नाले सम्बन्धित निकायबाट अनुमति वा कोटा प्राप्त गरि ४ देखि ५ बर्ष उमेर समुहका बालबालिकाहरुको शिक्षा र विकासका लागि संचालन भएको कक्षा सम्झनु पर्छ ।

(ठ )बालविकास शिक्षक भन्नाले बालविकास केन्द्र वा कक्षामा नियमित अनुदान पाउने गरि नियमानुसार नियुक्ति लिई कार्यरत शिक्षक वा बालविकास सहजकर्तालाई सम्झनु पर्छ ।

(ड ) माध्यमिक तह भन्नाले विद्यालयको कक्षा ९-१२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ र सो शब्दले कक्षा ९-१० समेतलाई जनाउछ ।

(ढ )व्यवस्थापन समिति भन्नाले विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्न नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण )शिक्षक भन्नाले विद्यालयमा पठनपाठन गराउने अध्यापक सम्झनु पर्छ एवम सो शब्दले शिक्षक ,प्रधानाध्यापक ,बालविकास सहजकर्ता समेतलाई जनाउछ ।

(त)सम्बन्धित निकाय भन्नाले नगरपालिका ,शिक्षा तथा मानव श्रोत विकास केन्द्र ,शिक्षा विकास निर्देसनालय ,शिक्षा विकास तथा समन्वय एकाई ,शिक्षा विज्ञान तथा प्रबिधि मन्त्रालयलाई सम्झनु पर्छ ।

(थ)स्थानान्तरण भन्नाले नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक (स्थायी,करार,नगर अनुदान ,बालविकास ,शिक्षण सहयोग अनुदानमा कार्यरत ) तथा कर्मचारीहरुलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयबाट नगरपालिका भित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनु पर्छ ।

(द)सामुदायिक विद्यालय भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ध )अन्य शब्द ,नामावली र पदको अर्थ प्रचलित ऐन,कानुन र नियमानुसार रहेको सम्झनु पर्छ ।

**३ अध्यावधिक गर्नु पर्ने :**प्रत्येक विद्यालयले अध्ययनरत कक्षागत विद्यार्थी ,कार्यरत शिक्षक तथा कर्मचारीहरुको वर्गीकृत तथ्यांक सहितको विवरण अध्यावधिक गर्नु पर्नेछ । विवरण अध्यावधिक गर्दा चालु शैक्षिक सत्र एवम पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परिक्षामा संम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खानेगरी शिक्षक /कर्मचारी छनोट प्रक्रिया पुरा गरी नियुक्त कार्यरत स्थायी ,अस्थायी,राहत शिक्षक ,नगर अनुदान ,विद्यालय स्रोतबाट तलबभत्ता खानेगरी नियुक्त शिक्षक कर्मचारी ,बालविकास शिक्षक एवम कर्मचारीहरुको विवरण अध्यावधिक गरी IEMIS मा अपलोड तथा नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**४ शिक्षक विद्यार्थी अनुपात :**सामान्यतया नगरपालिकाले बालविकास कक्षा बाहेक विद्यालयगत शिक्षक विद्यार्थी अनुपात गणना गर्दा ५० (पचास )जना विद्यार्थी बराबर एक जना शिक्षक अर्थात १:५० मानी गर्नु पर्नेछ ।

## ५ शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )का आधार र प्रक्रिया :

(क )शैक्षिक सत्र २०८० को IEMIS विद्यार्थी भर्ना अभिलेख र आवस्यकता अनुसार विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थितिलाई मुख्य आधार बनाइनेछ ।

(ख )विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी /अस्थायी ,राहत ,बालविकास शिक्षक ,शिक्षण सहयोग अनुदान कोटा र नगरपालिकाको शिक्षण अनुदान कोटामा कार्यरत तहगत शिक्षकको संख्यालाई आधार लिइनेछ ।

(ग )दरबन्दी मिलानको क्रममा बढी हुन आई कटौती गर्नुपर्ने दरबन्दी वा अनुदान कोटालाई नगरपालिकाको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउदा सबैभन्दा बढी विद्यार्थी भएका र हाल शुन्य वा न्युनतम दरबन्दी

भएका(वार्षिक एकमुष्ठ अनुदान प्राप्त विद्यालय बाहेक )विद्यालयहरुमा प्राथमिकता क्रममा तह अनुसार शिक्षकको स्थानान्तरण गरिनेछ ।

(घ )यसरी शिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमि भएका विद्यालयहरुमा क्रमसः स्थानान्तरण गरिनेछ ।

(ङ )सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुबाट कक्षा संचालनको व्यवस्था मिलाई तत्कालको शिक्षकको अभाव सम्बोधन गरिनेछ ।

(च )शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुनेगरी मिलान(स्थानान्तरण ) गरिनेछ ।

(छ )तोकिएको शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भै दरबन्दी कटौतीमा परेका र यस अघि रिक्त भएका एवम तत्काल रिक्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा पदपूर्ति एबम सरुवा सहमति दिइने छैन र उक्त दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नुपर्ने विद्यालयमा मिलान तथा व्यवस्थापन गरिनेछ ।

(ज )सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरबन्दीहरुमा नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षक सरुवा वा पदपूर्तिको व्यवस्था गरिनेछ ।

(झ )महिला तथा अपांग र दिर्घ रोग भै शारीरिक समस्या भएका (मनासिब देखिएमा )लाई सकभर घरपाएक वा पाएक पर्ने गरि स्थानान्तरण गरिनेछ ।

(ञ)आधारभूत तह (कक्षा ६-८ )र माध्यमिक तह (कक्षा (९-१० )संचालन भएको विद्यालयमा न्युनतम दरबन्दी नभएको अवस्थामा दरबन्दी थप गर्नुपर्ने भएमा प्राथमिक तहको पुल दरबन्दीबाट तत्कालका लागि माथिल्लो योग्यता भएका र तालिम प्राप्त शिक्षकको स्थानान्तरण गर्न सकिनेछ ।

(ट )शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन विद्यालयमा जनशक्तिको संख्यात्मक र विषयगत मिलान समेत भएकोले सामान्यतया शिक्षा ऐन ,२०२८ तथा नियमावली २०५९ (संसोधन सहित )को अनुसूचिमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा कुनै विद्यालयमा एकै विषयको शिक्षक दरबन्दी एक भन्दा बढी भएमा अनिवार्य विषयहरुको प्राथमिकताक्रम हेरी विषयगत मिलान हुनेगरी दरबन्दी सिर्जना ,मिलान , स्थानान्तरण तथा पदपूर्ति गरिनेछ ।

(ठ ) कुनै विद्यालयको दरबन्दी कट्टा गरी स्थानान्तरण गर्नुपर्ने भएमा क्रमसःहाल रिक्त रहेको दरबन्दी ,करार ,राहत र स्थायीको स्थानान्तरण माग र कनिष्ठताको आधारमा गरिनेछ ।

(ड )कुनै विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या उच्च ,विद्यमान शिक्षक दरबन्दी न्यून र माथिल्लो तह संचालित भएमा शिक्षक दरबन्दी वा अनुदान कोटा (नगर अनुदान समेत )थप गरिनेछ ।

(ढ)दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखी विद्यार्थी संख्या उच्च र शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरुमा स्थानान्तरण गरिनेछ ।

(ण)पालिका भित्र आन्तरिक सरुवा /स्थानान्तरणका लागि प्राप्त निबेदनहरु मध्ये जेस्ठताका आधारमा काजमा खटाइने वा स्थानान्तरण गर्न सकिनेछ ।

(त)पारस्परिक सरुवाका लागि विद्यालय ब्यवस्थापन समितिको सहमतिमा शिक्षा शाखाको सिफारिसमा नगर शिक्षा समितिले मनासिव लागेमा पारस्परिक सरुवा गर्न सकिनेछ ।

(थ)यस पालिका भित्रका विद्यालयमा कार्यरत स्थायी ,अस्थायी,करार ,राहत अनुदान कोटा ,नगर अनुदान ,बालविकास ,बिद्यालय कर्मचारीलाई आवस्यकताका आधारमा नगर शिक्षा समितिको निर्णय अनुसार कामकाज /स्थानान्तरण /सरुवा गर्न सकिनेछ । विद्यालयबाट शिक्षक दरबन्दी कटौती हुने अवस्था बाहेक स्थायी शिक्षकको सट्टामा स्थायी शिक्षक ,राहत अनुदानको सट्टामा राहात अनुदान जुन प्रकृतिको शिक्षक कर्मचारी हो सो स्थानमा सोहि प्रकृतिको शिक्षक /कर्मचारी / कामकाज गर्न सरुवा /स्थानान्तरण गरिनेछ ।

## ६ शिक्षक दरबन्दी कायम,मिलान तथा स्थानान्तरणका मुख्य आधारहरु :

लम्कीचुहा नगरपालिकाको सामुदायिक विद्यालय मर्ज गर्ने (गाभ्ने ),सार्ने,नाम परिवर्तन गर्ने ,बन्द गर्ने तथा तह घटाउने सम्बन्धि कार्यविधि, २०७५ समेतका आधारमा देहाय बमोजिम सामान्यतया सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी कायम ,मिलान तथा स्थानान्तरण गरिनेछ र विद्यालयमा बढी देखिएका कोटा /दरबन्दी /अनुदान पालिकामा पुलमा राखी आवस्यकता र मागका आधारमा नगर शिक्षा समितिको निर्णयानुसार पुनर्वितरण वा जगेडा वा शिक्षक बैंकको रुपमा प्रयोग गरिनेछ ।

६.१ कक्षा १-३ संचालित सामुदायिक विद्यालयको सम्बन्धमा :

(क )कक्षा १-३ मा विद्यार्थी संख्या १०० (एक सय ) जना सम्म भए न्युनतम २ ओटा दरबन्दी कायम गर्ने ।

(ख )कक्षा १-३ मा विद्यार्थी संख्या १०१-१५० जना सम्म भए न्युनतम ३ दरबन्दी कायम गर्ने ।

(ग )कक्षा १-३ मा विद्यार्थी संख्या १०० जना नपुगे सम्म दरबन्दी थप गर्नुपर्ने माग भएमा समेत विद्यार्थी संख्या १०० जना नपुगे सम्म दरबन्दी थप नगर्ने ।

(घ )कक्षा १-३ मा विद्यार्थी संख्या १०० जना भन्दा कम भएमा नजिकको विद्यालयमा समायोजन (मर्ज )गर्ने ।

६.२ कक्षा १-५ संचालित सामुदायिक विद्यालयको सम्बन्धमा :

(क )कक्षा १-५ मा विद्यार्थी संख्या २०० जना सम्म भएमा न्युनतम ३ दरबन्दी कायम गर्ने ।

(ख )कक्षा १-५ मा विद्यार्थी संख्या २०१ भन्दा बढी भएमा न्युनतम ४ दरबन्दी कायम गर्ने ।

(ग )कक्षा १-५ मा विद्यार्थी संख्या २०० जना नपुगे दरबन्दी थप नगर्ने र न्युनतम दरबन्दी कायम गरि क्रमशः अवस्था अनुसार माथिल्लो कक्षाहरु घटाई नजिकको विद्यालयमा समायोजन (मर्ज )गर्ने ।

६.३ कक्षा १-८ संचालित सामुदायिक विद्यालयको सम्बन्धमा :

(क )कक्षा ६-८ मा विद्यार्थी संख्या ५०-१०० जना सम्म भएमा न्युनतम ३ दरबन्दी (अंग्रेजी ,गणित/बिज्ञान ,नेपाली / सामाजिक समुह,अन्य विषय )कायम गर्ने ।

(ख )कक्षा ६-८ मा विद्यार्थी संख्या १०१ -१५० सम्म भएमा न्युनतम ४ दरबन्दी (अंग्रजी ,गणित /बिज्ञान ,नेपाली ,सामाजिक )कायम गर्ने ।

(ग )कक्षा ६-८ मा विद्यार्थी संख्या १५० भन्दा बढी भएमा ५० जना विद्यार्थी बराबर १ शिक्षक अनुपातमा थप विषयगत दरबन्दी कायम गर्ने ।

(घ )कक्षा ६-८ मा विद्यार्थी संख्या ५० भन्दा कम भएमा सम्बन्धित विद्यालयको तह घटाई घटेको कक्षा नजिकको विद्यालयमा समायोजन (मर्ज )गर्ने ।

६.४ कक्षा १-१० संचालित सामुदायिक विद्यालयको सम्बन्धमा :

(क )तह अनुसार न्युनतम विद्यार्थी संख्या भएमा शिक्षा नियमावली ,२०५९ (संसोधन सहित )को अनुसुचिमा उल्लेखित न्युनतम प्राथमिक तहमा ३जना ,आधारभूत तह (कक्षा ६-८ )मा ४ जना र माध्यमिक तहमा ५ जना (अंगेजी ,गणित /बिज्ञान ,नेपाली ,सामाजिक /ऐच्छिक )दरबन्दी कायम गर्ने ।

(ख )तहगत रुपमा दरबन्दी थपघट गर्नुपर्दा माथि उल्लेखित आधार अनुसार गर्ने ।

(ग )माध्यमिक तह( कक्षा ९-१० )मा विद्यार्थी संख्या २०० भन्दा बढी विद्यार्थी भएमा ५० जना विद्यार्थी भएमा १ विषय शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने ।

(घ )तह अनुसार विद्यार्थी संख्या नभएमा (न्युनतम कक्षा ९-१० मा ७० जना ) तह घटाई घटेको कक्षा नजिकको विद्यालयमा सामायोजन(मर्ज ) गर्ने ।

६.५ माध्यमिक तहको कक्षा ११-१२ संचालित सामुदायिक विद्यालयको सम्बन्धमा :

(क )माध्यमिक तह (कक्षा ११-१२ )का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजनका क्रममा ५० जना विद्यार्थी बराबर १ शिक्षक दरबन्दी कायम गर्ने दरबन्दी कायम गर्दा अनिवार्य विषयकोलाइ विद्यालयमा उपलब्ध गराउने तर्फ विशेष प्राथमिकता दिइने र कुनै विद्यालयको दरबन्दी कटौटि गरि वा सरुवा /स्थानान्तरण गर्नुपर्दा सो विषय पढने विद्यार्थी संख्या कम्तिमा १० जना हुनुपर्ने र बिगत २ बर्ष अघिको तथ्यांक विद्यालय र विषय शिक्षकले प्रमाणित गरि सत्यापन गरेर स्थानान्तरण गरिने /प्रति कक्षा ५० जना विद्यार्थी नभएका विद्यालय समायोजन (मर्ज )गर्ने ।

६.६ प्रारम्भिक बालविकास कक्षा र शिक्षक सम्बन्धमा :

(क )हाल सम्म प्रारम्भिक बालबिकास शिक्षक दरबन्दी नभएको तर बालविकास कक्षा संचालन गरिरहेको विद्यालय वा समुदायलाई न्युनतम १ बालविकास कोटा प्रदान गर्ने ।

(ख )प्रारम्भिक बालविकास कक्षामा २० जना विद्यार्थी बराबर १ बालविकास शिक्षक दरबन्दी कायम गर्ने र बिद्यार्थी संख्या २०-४० भएमा न्युनतम २ बालविकास कोटा कायम गर्ने र विद्यार्थी संख्या ४० भन्दा बढी भएमा २० जना विद्यार्थी बराबर थप १ बालविकास कोटा थप गर्ने ।

(ग )कुनै विद्यालयले आफ्नै स्रोतमा नर्सरी ,के जी जस्ता अंग्रेजी माध्यमका कक्षा संचालन गरेको गएको छ भने थप कोटा प्रदान नगर्ने तर उक्त कक्षाका विद्यार्थी संख्या बालविकास कक्षामा गणना गर्ने ।

(घ )प्रारम्भिक बालविकास शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा बालविकास शिक्षकलाई सकभर निजको घरपायक विद्यालयमा स्थानान्तरण गर्ने ।

(ङ)पालिका भरिका बालविकास कोटा र विद्यार्थी संख्या पालिकाको पुल दरबन्दीमा राखी बालविकास विद्यार्थी र बालविकास सहजकर्ताको औसत अनुपात निकाल्ने र सोहि अनुपातका आधारमा एकै विद्यालयमा निरन्तर ५ बर्ष काम गरेकाहरु बाट बालविकास सहजकर्तालाइ यस कार्यविधिको अनुसूची १ बमोजिमको फारम भर्न लगाई सकभर पायक पर्ने विद्यालयमा स्थानान्तरण गरि पालिकाको बालविकास दरबन्दी मिलान गर्ने ।

६.७ विद्यालय पुरै वा केहि कक्षा र तह मर्ज गर्दा संघीय ससर्त वा पालिका अनुदानमा कार्यरत शिक्षक कर्मचारीलाई पालिका भित्रका सामुदायिक विद्यालयमा मिलान गर्न सकिने र मिलान गर्दा (विद्यालय मर्ज गर्दा )आर्थिक सहायता संघीय सरकारबाट प्राप्त हुने र प्रदेश सरकारबाट प्राप्त भएको आर्थिक सहायता प्रदान गरिनेछ । यस पालिकाको विद्यालय मर्ज गर्ने र तह मिलान गर्ने कार्यविधिमा

आर्थिक सहायताका लागि जेसुकै कुरा लेखिएको भएतापनि अनुदानको लागि सिफारिस गर्न सकिनेछ र केंद्रबाट प्राप्त अनुदान प्रदान गर्न सकिनेछ ।

## ७ दरबन्दी मिलान कार्य गर्नका लागि निम्नानुसारको प्रक्रिया अबलम्बन गर्नु पर्छ :

(क ) नगर कार्यपालिकाले नगर शिक्षा समितिको संयोजकत्वमा तपशिल बमोजिमको प्रतिनिधित्व हुने गरि एक शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदल गठन गर्नेछ :

तपशिल

| | |
|---|---|
| १ नगर शिक्षा समिति संयोजक | संयोजक |
| २ नगर उप प्रमुख | सदस्य |
| ३ नगर कार्यपालिका सदस्य १ जना | सदस्य (नगर कार्यपालिकाले तोक्ने ) |
| ४ प्रमुख प्रसासकिय अधिकृत /शिक्षा शाखा कर्मचारी | सदस्य |
| ५ शिक्षक महासंघको नगर प्रतिनिधि १ जना | सदस्य |
| ६ सामुदायिक विद्यालयका प्र.अ.२ जना | सदस्य (नगरप्रमुखले तोक्ने ) |
| ७ सामुदायिक विद्यालयको बि.व्य.स अध्यक्ष १ जना | सदस्य (नगरप्रमुखले तोक्ने ) |
| ८ शिक्षा अधिकृत १ जना | सदस्य सचिव |

कार्यदलमा कार्यपालिका सदस्य, पालिकाका नेपाल शिक्षक महासंघ ,नेपाल शिक्षक महासंघमा आबद्द शिक्षकका पेशागत संघ संगठन आमन्त्रण गर्न सकिनेछ ।

(ख )कार्यदलले प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक कर्मचारी लगायतका आवस्यक सबै क्षेत्रको अध्ययन तथा छलफल गरि विद्यमान शिक्षक दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा दरबन्दी मिलान तथा व्यवस्थापनका लागि दरबन्दी कायम हुने,कटौती हुने ,थप हुने विद्यालयको विवरण सहित नगर शिक्षा समितिमा सिफारिस सहितको प्रतिबेदन पेश गर्नेछ ।

(ग )कार्यदलको सिफारिस सहितको प्रतिबेदनको आधारमा नगर शिक्षा समितिबाट निर्णय भए बमोजिम शिक्षा तथा तथा खेलकुद शाखाले दरबन्दी मिलान तथा व्यवस्थापनको प्रक्रिया अगाडी बढाउने छ ।

(घ )शाखाले दरबन्दी मिलान तथा ब्यवास्थापनका क्रममा कटौटि वा थप भएको विद्यालयलाई दरबन्दी कटौटि वा थप भएको जानकारी गराउनेछ ।

(ङ) नगरपालिकाले विशेष परिस्थिति बाहेक निर्णय भएको मितिले सकेसम्म २ महिना भित्र दरबन्दी मिलान तथा व्यवस्थापनको कार्य सुरु गरि बिदाको समयमा पायक पर्नेगरी कार्य सम्पन्न गरि सम्बन्धित निकायलाई जानकारी गराउनेछ ।

(च )विद्यालयहरूले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )को क्रममा सरुवा/स्थानान्तरण गरिएका शिक्षक कर्मचारीलाई कुनै पनि बहानामा रमाना नदिएमा ,विद्यालयमा हाजिर नगराएमा सम्बन्धित विद्यालयमा नगरपालिकाबाट निकासा हुने निकासा रकम रोक्का गरिनेछ ।

(छ )दरबन्दी मिलानको क्रममा सुरुमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदलमा छलफल र सिफारिस ,तत्पस्चात नगर शिक्षा समितिमा छलफल र सिफारिस पश्चात नगर कार्यपालिकाले सोहि सिफारिसका आधारमा शिक्षक ,कर्मचारी ,बालविकास सहजकर्ताको सरुवा ,स्थानान्तरणको निर्णय पश्चात शिक्षा शाखाबाट पत्राचार गरिनेछ ।अन्य अवस्थामा नगर शिक्षा समितिले पालिका भित्रका विद्यालयमा सरुवा /स्थानान्तरण गर्नेछ ।

## ८ थप शिक्षक दरबन्दी प्राप्त भएमा तपशिल अनुसार कार्यान्वयन गरिनेछ :

(क )शिक्षा युवा तथा खेलकुद शाखाले नगर कार्यपालिका /नगर शिक्षा समितिको निर्णयका आधारमा सम्बन्धित निकाय संग दरबन्दी माग गर्नेछ ।

(ख )संघीय सरकार , प्रदेश सरकार तथा अन्य निकायबाट दरबन्दी प्राप्त भएमा जुन तह ,किसिम र विषयको दरबन्दी हो सो को लागि नगर शिक्षा समितिले प्राथमिकताको आधारमा विद्यालय छनौट गरि वितरण गर्नेछ ।

## ९ नगरपालिकाबाट शिक्षण सहयोग अनुदान (एकमुष्ठ नगर अनुदान )कोटा थप घट सम्बन्धमा :

(क )यस कार्यविधिको दफा ६ को उपदफा ६.१ देखि ६.६ सम्मको आधारमा सामुदायिक विद्यालयमा न्युनतम कायम हुन जाने शिक्षक संख्या /कोटा /दरबन्दी कायम भएमा नगर शिक्षा समितिमा आवस्यकता अनुसार स्वयंसेवक शिक्षक ,नगर शिक्षण सहयोग अनुदान (एकमुष्ठ नगर अनुदान )कोटा तह र विषय अनुसार थप गर्न सक्नेछ । कुनै विद्यालयमा बढी कोटा /दरबन्दी /शिक्षण सहयोग अनुदान (एकमुष्ठ नगर अनुदान ) बढी भएमा सो विद्यालय बाट उक्त अनुदान कोटा कटौटि गरि नगर शिक्षा समितिले पालिकामा पुल कोटामा राखी आवस्यकता अनुसार विद्यालयमा वितरण गरिनेछ ।

(ख )नगरपालिकाले नगर शिक्षण सहयोग अनुदान का लागि आवस्यक बजेटको व्यवस्था गरि स्वीकृत बजेटका आधारमा नगर शिक्षा समितिले थप अनुदान प्रदान गर्नुपर्ने भए निर्णय गरि विद्यालय छनौट गरि नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउनेछ र सो को अभिलेख शिक्षा खाशाले राख्नेछ ।

(ग-)आधारभूत तहको प्राथमिक र निम्न माध्यमीक तह (विषयगत )र माध्यमिक तह विषयगत रुपमा अनुदान कोटा एकै पटक वा आवस्यकता अनुसार स्वीकृत बजेट र प्राथमिकताका आधारमा वितरण गरिनेछ ।

(घ )नगर अनुदान प्राप्त गर्ने विद्यालयले नगरपालिकाले तोकेका सर्त( जस्तै नि शुल्क अध्ययन,स्थानीय पाठ्यक्रम लागु ,तोकीएको विद्यार्थी मुल्यांकन प्रक्रिया सबै कक्षा र विषय ,दिवा खाजा लगायत )पालना गर्नुपर्नेछ । तोकिएका सर्त ,नियम ,मापदण्ड पुरा नगर्ने विद्यालयलाई जुन सुकै तहको अनुदान रोक्न सकिनेछ वा प्रदान गरिने छैन । पालिकाले चरण चरण गरेर पनि अनुदान कोटा वितरण गर्न सक्नेछ ।कार्यरत शिक्षक /कर्मचारीको हकमा अनुदान सम्बन्धि व्यवस्था नगर शिक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

(ङ) नगर शिक्षण सहयोग अनुदान (एकमुष्ठ नगर अनुदान )कोटाको बृदी र अनुदान रकम ( विद्यालय कर्मचारी ,बालविकास सहजकर्ताको पारिश्रमिक अनुदान सुबिधा) स्वीकृत बजेटको परिधि भित्र रही समयानुसार थप बृदी हुन सक्नेछ ।

## १० स्थानान्तरण भएको स्थानमा जानुपर्ने :

यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु तोकियको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य हाजिर भै कामकाज गर्नु पर्नेछ ।

## ११ हाजिर गराई कामकाज लगाउनु पर्ने :

दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भइ आएका शिक्षक विद्यालय कर्मचारीलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराई नियमानुसार कामकाजमा लगाउनु पर्नेछ ।

## १२ प्रधानाद्यापक जिम्मेवार हुने :

यस कार्यविधि बमोजिम दरबन्दी मिलान तथा व्यवस्थापन /सरुवा ,पुनर्वितरण तथा शिक्षक कर्मचारी व्यवस्थापनको कार्यबाट स्थानान्तरण भइ आएका शिक्षक तथा कर्मचारीलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भइ जाने शिक्षक कर्मचारीलाई रमाना दिने ज़िम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाद्यापकको हुनेछ ।

## १३ बैठक भत्ता सम्बन्धि व्यवस्था :

दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )कार्य गर्दा कार्यदल ,शिक्षा समितिका पदाधिकारी र आमन्त्रित सदस्यको बैठक भत्ता प्रति बैठक प्रति उपस्थित सदस्यको रु १००० /(एक हजार मात्र )का दरले करकट्टी गरि उपलब्ध गराइने छ । समितिको अन्य कामकाजको सिलसिलामा काम गरेको थप समयमका आधारमा अतिरिक्त भत्ता उपलब्ध गराइनेछ । अतिरिक्त समय कार्य गरेको लगबुक प्रमाणित पालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । पालिकाका पदाधिकारी र कर्मचारीले अनुगमन गर्न पुर्व प्रमुख प्रशासकीय अधिकृत /नगरप्रमुखको स्वीकृति लिई दरबन्दी मिलानको सन्दर्भमा ,पालिकाका विद्यालयमा संचालित विद्यालयको परीक्षा अनुगमन ,भौतिक पक्ष अनुगमन ,सेनेटरी प्याड अनुगमन ,दिवाखाजा अनुगमन ,लगायत विद्यालयका विविध पक्ष अनुगमन गरेमा प्रति दिन प्रति व्यक्ति रु १००० का दरले करकट्टी गरि भत्ता उपलब्ध गराइनेछ । आवस्यकता अनुसार खाना खाजा खर्च समेत पालिकाबाट खर्च गर्न सकिनेछ ।

## १४ फारम सम्बन्धि व्यवस्था :

सम्भावित स्थानान्तरण गर्नका लागि स्थायी ,करार ,राहत ,अस्थायी ,बाल विकास ,विद्यालय कर्मचारी ,सरकारी श्रोतबाट तलब भत्ता पाउने गरि नियुक्त पालिका भित्रका सम्पूर्ण विद्यालय शिक्षक /कर्मचारीलाई कम्तिमा ५ ओटा विद्यालयको नाम छनोट गर्न लगाउने र स्थानान्तरण गर्दा सकभर रोजाईलाई प्राथमिकता दिइनेछ ।पालिकाबाट तोकीएको फारमहरु निर्धारित समयमा भर्नु र तोकीएको स्थानमा बुझाउनु शिक्षकको कर्तव्य हुनेछ । यदि कुनै शिक्षक कर्मचारीले उक्त अनुसूची फारम नभरेमा सम्भावित विद्यालय छनौट नदेखिने हुदा शिक्षा समितिको निर्णय अनुसार पालिकाले तोकेको विद्यालयमा स्थान्तरण गरिनेछ । स्थानान्तरण ,आन्तरिक काज सरुवा /सरुवा सम्बन्धि फारमको ढाचा अनुसूची १ मा उल्लेखित गरिएको छ ।

## १५ दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )को समय :

दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )गर्दा प्राथमिक तह ,निम्न माध्यमिक तह ,माध्यमिक तह ,स्थायी ,अस्थायी ,राहत ,कारार ,बालविकास ,विद्यालय कर्मचारी ,पालिका अनुदान ,अंग्रेजी ,गणित,बिज्ञान शिक्षण अनुदान को नगर शिक्षा समितिको निर्णय अनुसार माथि उल्लेखित सबैको एकै पटक वा पटक पटक गर्न सकिनेछ । स्थानान्तरण गर्दा सामान्यत एकै बिद्यालयमा कम्तिमा ५ बर्ष नियुक्ति लिई कामकाज गरिरहेका वा कार्यरत शिक्षक-कर्मचारीलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा /कामकाज गर्न /स्थानान्तरण गरिनेछ । उमेर हदका कारण अनिवार्य अवकास हुन १ बर्ष वा सो भन्दा कम समय बाकि रहेका शिक्षक कर्मचारीलाई अर्को विद्यालयमा स्थानान्तरण गरिने छैन । अनुसूची १ को फारम सरकारी तलब भत्ता प्राप्त गर्ने गरि नियुक्त सबै शिक्षक कर्मचारीले भेरर (समय पुगेका र नपुगेका सबैले ) पेश गर्नु पर्नेछ । उमेर हदका कारम अनिवार्य अवकास १ बर्ष वा सो भन्दा कम समय भएकाले सो कुरा विद्यालय छनौट गर्ने कैफियतमा उल्लेख गर्नुपर्नेछ । दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )गर्दा सकभर विद्यालयको पठनपाठनमा प्रभाव नपर्ने गरि शैक्षिक सत्रको सुरु वा विद्यालयको बिदाको समय पर्ने गरि गरिनेछ । विद्यालयको आर्थिक कारोबारमा संलग्न शिक्षक कर्मचारीले दरबन्दी मिलानको अनुसूची फारम भरेको समय देखि नै आफ्नो आर्थिक

कारोबारको हिसाब नियमित अपडेट गरिराख्नु सम्बन्धित शिक्षक कर्मचारीको कर्तव्य हुनेछ । जसले गर्दा स्थानान्तरण भइ जादा बरबुझारथ गरि रमाना लिन र दिन सजिलो हुनेछ । तोकीएको बिद्यालयमा जानु र तोकीएकौ जिम्मेवारी गर्नु सम्बन्धितको कर्तव्य हुनेछ । विद्यालयका राम्रा अनुभवहरु साटासाट गर्नु र यस पालिकाको शिक्षाको गुणस्तर समयमै सुधार गर्नु बि.व्य.स.,प्र.अ.,शिक्षक अभिभावक संघ ,पालिका लगायत सबैको सक्रिय र सकारात्मक सोच र आवस्यक मनासिव सुझाव सल्लाह समेटने कोसिस गरीनेछ ।

## १६ उजुरी :

यस कार्यविधि बमोजिम भएका काम कारबाही सम्बन्धमा चित्त नबुझेमा नगरपालिका समक्ष उजुरी गर्न सकिनेछ र परेको उजुरीको कारबाही र किनारा नगरकार्यपालिकाले गर्नेछ ।

## १७ बाधा अडकाउ फुकाउ :

यस कार्यविधिको आवस्यक व्याख्या ,संसोधन तथा अनुसूची थपघट नगर कार्यपालिकाले गर्नेछ । यस अघि भएका तथ्यांक संकलन ,अनुगमन ,निर्णय यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भस्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची १ (शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )कार्यविधि, २०८० को नियम १४ संग सम्बन्धित )

## शिक्षकको आन्तरिक सरुवा /काज सरुवा /सरुवा /स्थानान्तरणको निबेदन ढाचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु ,

नगर कार्यपालिकाको कार्यालय लम्कीचुहा नगरपालिका भल्का, कैलाली

**विषय : आन्तरिक सरुवा /काज सरुवा /सरुवा /स्थानान्तरण सम्बन्धमा ।**

लम्कीचुहा नगर शिक्षा समितिको निर्णयानुसार यस नगरपालिकाको मिति ..........................को प्रकासित सूचना अनुसार लम्कीचुहा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण )कार्यविधि ,२०८० अनुसार सामुदायिक विद्यालयका शिक्षक कर्मचारी दरबन्दी मिलान तथा व्यवस्थापनको क्रममा मलाई देहायका उपलब्ध सम्भावना तथा प्राथमिकताका रहेका विद्यालयमा आन्तरिक सरुवा /काज सरुवा/सरुवा/स्थानान्तरण गरिदिनुहुन तपशिलको विवरण सहित यो निबेदन पेश गरेको छु।

शिक्षकको नाम थर :........................................................... पद :..........................................

नागरिकता प्रमाण पत्र नम्बर ,जारि मिति ,जारि जिल्ला :..................................................................................

तह :.................. श्रेणी :........... अध्यापन अनुमति पत्र न.र तह :........................... सिटरोल न.......................

नियुक्तिको विषय (नि.मा.,मा.बि.र साबिक उ.मा.बि. को हकमा ):.........................योग्यता र विषय :.......................

सुरु नियुक्ति मिति :..............................हालको पदमा नियुक्ति मिति :........................नियुक्तिको किसिम :................

हाल कार्यरत विद्यालयको नाम ,ठेगाना :..........................................................................................................

हाल कार्यरत विद्योलयमा सरुवा /पदस्थापन मिति :..............................स्थायी /अस्थायी ठेगाना :...............................

**आन्तरिक सरुवा /सरुवा /स्थानान्तरणका क्रममा जान चाहेको विद्यालयको सम्भावित प्राथमिकता क्रम विद्यालयको नाम ठेगाना :**

१.................................................................................................................. कैफियत उमेर हद १ वर्ष भन्दा कम बाकि

२..................................................................................................................

३..................................................................................................................

४..................................................................................................................

५..................................................................................................................

यस कार्यविधि बमोजिम खटाइएको स्थानमा गई आफुलाई तोकीएको जिम्मेवारी पुरा गर्नेछु ,माथि उल्लेखित विवरण ठीक छ ।

| | |
|---|---|
| निवेदक शिक्षक /कर्मचारीको नाम थर : | बि.व्य.स.अध्यक्ष /प्र.अ.को नाम थर : |
| .............................................. | .............................. .............................. |
| नियुक्तिको किसिम :स्थायी /अस्थायी/राहत / | मोबाइल नम्बर :.............................. |
| नगर अनुदान ,संघीय अनुदान ,बालविकास ,कर्मचारी | हस्ताक्षर :......................... ...................... |
| इ मेल आइ .डी: .......................................... | विद्यालयको छाप : |
| हस्ताक्षर ...................................................... | |